परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION
साप्ताहिक

❑ वर्ष ९ ❑ अंक ३८ २०७८ बैशाख १२ गते आईतवार Sunday 25, APR, 2021 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

पानीको सही सदुपयोग गरौं । पानी महसुल समयमै तिरी अनावश्यक जरिवानाबाट बचौं ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय देवकोटा चौक विराटनगर




नेपाल पत्रकार महासंधको चुनावमा नेपाल पत्रकार महासंघ १ नं प्रदेश समिति एवं जिल्ला समिति मोरंगका नव निर्वाचित पदाधिकारीहरुलाई प्रमाणपत्र वितरण तथा पद हस्तान्तरण कार्यक्रममा सहभागी अतिथी र विजय भएका अध्यक्षको उम्मेदवारहरु । तस्वीर : क्राईम अपरेशन

## आचार संहिता र कोभिड-१९ ले मिडियामा पारेका प्रभाव

विराटनगर । नेपाल पत्रकार महासंघ मोरंग शाखको संयोजन र प्रेस काउन्सिल नेपालको आयोजनामा 'पत्रकार आचारसंहिता र कोभिड १९ ले मिडियामा पारेको प्रभाव' विषयक अन्तरक्रिया कार्यक्रममा शुक्रवार सम्पन्न भएको छ ।

उक्त अन्तरक्रिया कार्यक्रमा पत्रकार आचारसंहिता निर्माण भएको लामो समय भए पनि यसप्रति अपनत्व वृद्धि गर्न सरोकारवाला निकायहरूको भूमिका कमजोर रहेको र पत्रकारहरुको हकहितमा काम गर्नु पर्ने प्रेस काउन्सिलले सरकार प्रति बढी बफादार भएको पत्रकारहरूले गुनासो गरेका छन् ।

केहीले प्रेस काउन्सिलले सरकारको बचाउमा मात्र आफ्नो उर्जा खर्च गर्छ कि पत्रकारको पक्षमा पनि सोचेर काम गर्छ भनी प्रश्न उठाएका थिए । केही पत्रकारले पत्रकारहरुले आचार संहिताको भाषा 'आचारसंहिता'मा हुनुपर्ने जस्तो नभएको, कसैद्वारा निर्देशित जस्तो भएको उल्लेख गर्दै आचारसंहिता प्रति पत्रकारहरूको अपनत्व बढ्न नसकेको उल्लेख गरेका थिए ।

वांकी अन्तिम पेजमा...

## नेपाल समूहको छुट्टै कार्यालय

विराटनगर । असन्तुष्ट नेकपा एमालेको नेपाल समूहले विराटनगर महानगर कमिटीको छुट्टै कार्यालय संचालनमा ल्याएकोक छ ।

चैत २८ गते सो समूहले एमालेका पुराना नेता चन्द्रवीर राईको अध्यक्षतामा ३ सय ३१ सदस्यीय समानान्तर जिल्ला कमिटी र युवा नेता पारुल क्षेत्रीको अध्यक्षतामा १ सय ७५ सदस्यीय महानगर कमिटी गठन गरेको थियो ।

सो समूहले दुवै कमिटि गठन गरेको दुई हप्ता पछि महा नगरपालिकामा छुट्टै कार्यालय खोलेको हो । जिल्ला समितिले भने विराटनगरस्थित पाञ्चालीमा रहेकै कार्यालयलाई जिल्ला कार्यालयको रुपमा मानिएको सो समूहका एक नेताले बताएक छ ।

केन्द्र देखि तल्लो तहसम्मै समानान्तर गतिविधिमा केन्द्रीत भएको नेपाल-खनाल पक्षले विराटनगर महानगरपालिका वडा नं. २ स्थित तिनपैनीमा महानगर कमिटीको छुटै कार्यालय खोलेर आफूपक्षीय पार्टीको गतिविधिलाई तीब्र बनाएको छ ।

दुई तले घर भाडामा लिएर महानगर कमिटीले विहिबारदेखि पार्टी कार्यालय संचालनमा ल्याएको छ । कार्यालयको बिहीबार बिहान एमालेका सचिव तथा १ नम्बर

वांकी अन्तिम पेजमा...

## नक्कली नागरिकता बनाई जग्गा ठगी गर्ने गिरोह पक्राउ

बिराटनगर । मृत्यु भएको व्यक्तिको नक्कली नागरिकता खडा गरी जग्गा ठगी गर्ने गिरोह प्रहरीको फन्दामा परेको छ ।

घटनाको विवरण अनुसार जिल्ला झापा बिर्तामोडका स्वर्गिय टुंग बहादुर बस्नेतको नाममा रहेको जग्गा ठगी गर्ने उदेश्यले नक्कली टुंग बहादुर बस्नेत खडा गरी उनको नाममा रहेको जग्गा ठगी गर्ने गिरोहका १० जनालाई पक्राउ पक्राउ गरी कारवाही आगाडी वढाएको छ ।

पक्राउ पर्नेमा झापा बाह्रदशी वडा नं. ३ का ३९ बर्षीय मंगल सिंह राजवंशी, झापा भद्रपुर नगरपालिका वडा नं. ७ का ५२ बर्षीय नवीन कोइराला, झापा बाह्रदशी ५ का ५० बर्षीय लिलाधर राजवंशी, झापा गौरीगंज १ का ३७ बर्षीय बलराम बिश्वकर्मा, झापा शिबसताक्षी ८ का ४२ बर्षीय भुपदेव कटुवाल रहेका छन् ।

त्यसै गरी झापा अर्जुनधारा ५ का ५३ बर्षीय लेखनाथ खनाल, झापा बिर्तामोड ४ का ३४ बर्षीय गोविन्द वान्तवा, बिर्तामोड १० का



७१ बर्षीय देवी प्रसाद पाण्डे, बिर्तामोड ४ की ३३ बर्षीया रञ्जु राई र मोरङ उर्लाबारी ४ का ४८ बर्षीय राजन विश्वकर्मा रहेका छन् ।

जग्गा ठगी गर्ने समुहले झापा बिर्तामोड १ स्थित अदुवा पुलबाट १०० मिटर पश्चिममा पुर्व-पश्चिम राजमार्गमा जोडिएको स्वर्गिय टुंग बहादुर बस्नेतको नाममा रहेको कित्ता नम्बर ४१८३ को १ कठ्ठा १३.७५ धुर क्षेत्रफलको जग्गा ठगी गरेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

समुहले उक्त जग्गा ठगी गर्नको लागी पक्राउ परेका मध्ये देवी प्रसाद पाण्डेलाई नक्कली टुंग बहादुर बस्नेत खडा गरी नक्कली नागरिकता समेत बनाई २०७७ असोज २८ गते काठमाण्डौ जिल्ला अदालतबाट झापा बाह्रदशी ३ घर भई हाल बिर्तामोड २ चैतुवारी बस्ने मंगलसिंह राजवंशीको नाममा अधिकृत वारेशनामा बनाएको र उक्त वारेशनामा मार्फत झापा बिर्तामोड ४ की रञ्जु राईको नाममा मिति २०७७ माघ २१ गते राजिनामा पास गरेको घटनाको बारेमा ईलाका प्रहरी कार्यालय अनारमनीमा जाहेरी उजुरी परेका थियो ।

सोही उजुरीको १ नं प्रदेश प्रहरी कार्यालय बिराटनगरको अनुसन्धान समूह (रिट), जिल्ला प्रहरी कार्यालय झापा र इलाका प्रहरी कार्यालय अनारमनीबाट संयुक्त रुपमा खटिएको प्रहरी टोलीले घटनाको पर्दाफास गर्दै घटनामा संलग्न रहेको भन्दै सार्वजनिक गरेको हो । मध्ये यि १० जनालाई पक्राउ गरि सार्बजनिक गर्न सफल भएको हो ।

ठगी धन्दामा अन्य सम्बन्धित निकायका प्रतिनिधीहरुको समेतको संलग्नता तथा पहिचान भई फरार

वांकी अन्तिम पेजमा...

तुलसी प्याथोलोजी ल्याब एण्ड क्लिनिक
कोशी अस्पताल को अगाडी, विराटनगर
बिरामीहरूको लागि खुशीको खबर !!
ल्याब जाचमा ५०% सम्मको छुट
सम्पर्क नं. ९८४१३४८६४७ ९८१३२५४४७५
1. HBA1C
2. Lipid Profile
3. Liver Function Test (LFT)
4. Renal Function Test (RFT)
5. Thyroid Test (TFT)
6. Stool R/E
7. Urine R/E
8. Vit. D
9. Cardiac Function Test (CFT) etc...
नि:शुल्क सुगर जाँच
यो सेवा प्रत्येक शनिवारको लागि मात्र रहनेछ ।
समय: विहान ७:00 बजेदेखि दिउँसो १२:00 बजेसम्म ।

SUKRATARA FURNITURE UDYOG
BIRATNAGAR
9842033365
9805391277
Chattdev007@gmail.com



All types of Fabrication, Furniture, Prefab, Truss are available.

क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
पू.क्षे.हु.नि.मोरंग द.न. ०१/०७३/७४

## नक्कली..

रहेका उनीहरुको खोजतलास भईरहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ। पक्राउ परेका उपर ठगी, सरकारी छाप दस्तखत किर्ते, अपराधिक लाभ तथा संगठित अपराध मुद्दामा सम्मानित झापा जिल्ला अदालतबाट म्याद थप भई अनुसन्धान भईरहेको सो कार्यालयले जनाएको छ।

## नेपाल...

प्रदेश इन्चार्ज भीम आर्चालयले एक कार्याक्रमका बीच उद्घाटन गरेको थियो थिए।

कार्यालयको उद्घाटन गर्दै इन्चार्ज आचार्यले पार्टी अध्यक्ष र वरिष्ठ नेता माधव नेपालबीच छलफल भएपनि वार्ता सकारात्मक रूपमा अगाडि नबढेकाले समानान्तर कमिटी निर्माण गर्दै अघि बढ्नुको विकल्प नभएकोमा जोड दिएका थिए।

इन्चार्ज अर्चायले अहिलेपनि आफुहरु पार्टी एकताको पक्षमा रहेको भन्दै पार्टी अध्यक्ष ओलीले नै पार्टीका बरिष्ठ नेता माधवकुमार नेपाल, झलनाथ खनाललगायतका नेतालाई एकपछि अर्को कारबाहीको शिलशिला जारी राखेकोले उनी पार्टी एकताको पक्षमा नरहेको प्रष्ट भएको बताए।

सो समूहले जिल्ला र नगर समिति गठन भएसँगै वडा र टोलस्तरका कमिटि निर्माण गर्नुको साथै भातृ संगठनहरुका समानान्तर कमिटि निर्माणमा पनि तीब्र बनाएको नेपाल-खनाल पक्षीय एमाले विराटनगर महानगर कमिटिका अध्यक्ष पारुल क्षेत्रीले बताए

## आचर..

कार्यक्रममा पूणर्कालीन पत्रकारिता पेसामा रहेकाहरूबाट आचारसंहिता उल्लङ्घन नभए पनि वैकप्लिक कामका रूपमा पत्रकारिता गर्ने र पत्रकारिताको ज्ञानबिनै यो पेसामा आएकाहरूबाट उल्लङ्घन हुने गरेको चर्चा र चिन्ता व्यक्त गरिएको थियो। प्रेस काउन्सिलका तर्फबाट ठाकुर बेलबासे र दीपक पाण्डेले पत्रकारबाट आएका सुझावलाई काउन्सिलले आत्मसमीक्षासहित कार्यान्वयनमा लैजाने अश्वासन दिएको थियो।

## तिर्थयात्री बस दुर्घटनामा १ को मृत्यु

खोटाङ, बैशाख ११ गते। खोटाङ हलेसीतुवाचुङ नगरपालिका १ कदुवा स्थित मध्ये पहाडी लोकमार्गमा हलेसी दर्शन गरी सप्तरी फर्केको चालक सहित ३९ जना यात्री बोकेको बस दुर्घटना हुँदा १ जनाको मृत्यु, २२ जना घाईते र १६ जना सामान्य घाईते भएका छन्।

बा ३ ख ९२८५ नम्बरको बस आफै अनियन्त्रित भई सडकबाट अन्दाजी १५ मिटर तल्लो सडकमा खसी दुर्घटना हुँदा सो बसका सह-चालक सिन्धुली घ्याङलेक गाऊपालिका १ का २५ बर्षीय अनिल तामाङको घटनास्थलमानै मृत्यु भएको छ। दुर्घटना भएको जानकारी पाए लगतै प्रहरी चौकी च्यास्मिटर, ईलाका प्रहरी कार्यालय हलेसी र जिल्ला प्रहरी कार्यालय खोटाङबाट प्रहरी नायव उपरिक्षकको कमाण्डमा प्रहरी टोली खटि गई घाईतेहरुलाई उपचारको लागी पठाईएको छ। गराएको जिल्ला प्रहरी कार्यालय खोटाङले जनाएको छ।


हार्दिक मंगलमय
**शुभकामना**

नव वर्ष २०७८ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

जय प्रकाश महतो (के.अध्यक्ष)
भाषा संस्कृति प्रतिष्ठान
परिवार

हार्दिक मंगलमय
**शुभकामना**

नव वर्ष २०७८ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

श्याम सुन्दर सुतिहार (के.अध्यक्ष)
मिलेज नेपाल
परिवार

हार्दिक मंगलमय
**शुभकामना**

नव वर्ष २०७८ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

सुर्यनाथ प्रसाद सिंह (के.अध्यक्ष)
बृहत मधेशी नागरिक समाज
परिवार

हार्दिक मंगलमय
**शुभकामना**

नव वर्ष २०७८ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

किरण लामा (संयोजक)
राष्ट्रिय आदीवासी युवा महासंघ
मोरंग परिवार

हार्दिक मंगलमय
**शुभकामना**

नव वर्ष २०७८ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

गोल्डेन हस्पिटल परिवार
हस्पिटल चौक बिराटनर

हार्दिक मंगलमय
**शुभकामना**

नव वर्ष २०७८ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

लाईफ गार्ड हस्पिटल
परिवार बिराटनगर

कोरोना भाइरस (कोभिड-१९) के संक्रमणसे बचैके लेल समाजिक दुरी कायम करु आर माक्स लगाऔ।






**अस्पतालकै जगतमा एक मात्र सुरक्षा अस्पताल**

सुरक्षा अस्पताल प्रा.लि.सबैको सहयोगले स्त्री रोग तथा प्रसुती सेवा पाचौं वर्ष पुरा गरेर छैठौ वर्षमा प्रवेश गरेको र नवजात शिशुको उपचार दोस्रो वर्षमा प्रवेश ug{sf ; fy}xfn 9f8 t yf gzf /f]u, painless प्रसुती सेवा, Emergency सेवा नया एंव अध्याधिक भरपर्दो (ICU/MICU,NICU) तथा जेनरल वार्डमा विभिन्न प्रविधिहरु सहितको सुविधा सम्पन्न सेवा संचालन भएको सबै सेवा ग्राहीहरुमा जानकारी गराउँदछौ।

**हाम्रो सेवाहरु :-**

- स्त्री रोग तथा प्रसुती सम्बन्धी सम्पूर्ण सेवाहरु
- रोग सम्बन्धी (PICU,NICU With Ventilator) सेवा
- जनरल फिजिसियन सेवा
- जनरल सर्जरी तथा हाडजोडर्नी नशा रोग सम्बन्धी सम्पूर्ण सेवा
- Minor & Major surgery सेवा
- Laparoscopic surgery (दुरवीन द्वारा अप्रेशन) सेवा
- इन्टरभेसनल स्पाइन एण्ड क्रोनिक पेन म्यानेजमेन्ट
- 24 Hours Emergency सेवा
- विशेष डाक्टरहरु द्वारा ओ.पि.डी. सेवा
- २४ घण्टा ल्याब सेवा, एम्बुलेन्स सेवा र फार्मेसी सेवा
- इनफर्टिलिटी क्लिनिक सेवा
- **X–Ray, ECG,ECHO,USG,HSG,Cystoscopy**

सुरक्षा अस्पताल प्रा.लि.
वीरेन्द्र सभागृह अगाडी
सम्पर्क न. ०२१- ५३६९४१



आफ्नो अधिकार प्राप्तिको लागि अरुका अधिकार प्रति सजग र सचेत हुनु असल नागरिकको कर्तव्य हो।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधी मन्त्रालय
सूचना तथा प्रसारण विभाग


परिवर्तनको लागि
क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशकःश्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउटःविजय कु.मण्डल मुद्रकःबाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेलःcrimeopration@gmail.com

## सम्पादकीय

# कोरोना संक्रमण र खुल्ला सिमा

नेपालमा राजनीतिक समस्या वा कोरोना संक्रमणको समस्या लगायत जुनपनि समस्या आएमा त्यसलाई भारतसंग जोडिएर देखिन्छ। दोस्रो चरणको कोरोना संक्रमण भारतमा ह्वातै बढी रहेको वेला त्यसको प्रभाव नेपालमा पनि देखिएको छ। भारतका प्रभाव नेपालमा देखिनु एकमा कारक तत्व हो खुल्ला सिमानाका भारतमा कोरोना संक्रमण बढ्न वितिकै नेपालबाट भारत तर्फ रोजगारीको शिलशिलामा गएका नेपालीहरु अहिले दिनहू हजारौंको संख्यामा नेपाल भित्रि रहेको छ । ति नेपाल भित्रिने नेपाली दाजु भईहरुले सिमानाकामा आफ्नो स्वास्थ्य चेकजाँच गराएर मात्र नेपाल प्रवेश दिन पर्छ। तर सो नगरी खुल्ला सिमानाका खटिएका नेपाल प्रहरी र आर्मी पोलिसले थोरै रकमको लोभमा तीनीहरुलाई सिधै नेपाल प्रवेश गर्न दिई रहेको छ। स्वास्थ्य मन्त्रालयका अनुसार हालसम्म कोरोनाबाट ज्यान गुमाउनेको संख्या लगभग तीन हजार भन्दा माथि पुगिसकेको छ। सिमानाका र बजारको भिडभाडको बेवास्ता हेर्दा कोरोना संक्रमण थुप्रिदै जाने सिधै अनुमान गर्न सकिन्छ।

कारोना संक्रमण पहिलो चरणभन्दा दोस्रो चरणको कोरोना संक्रमण झन् जोखिमपूर्ण रहको स्वास्थ्य विज्ञहरुको भनाई रहेको छ । अहिलेको कोरोना संक्रमणबाट बालबालिका बढी प्रभावित भएको तथ्याँकहरुले देखाई रहको छ । सरकारले तत्काल विद्यालय बन्द गर्ने निर्णय गरेर बालबालिकामा देखिएको जोखिम घटाएको छ तर केही विद्यालय, समिङ्गमल लगायतको अटेरीको कारण जोखिम बढ्ने भएको छ । त्यसमा पनि सरकाले लकडाउन समाधान होईन नागरिक आफै संचेतहुनु पर्ने भनाईले सरकार आफै आर्थिक रुपमा थला परेको देखिन्छ । सरकारले जोखिम न्यूनिकरण तिर लाग्नु पर्नेमा भाषणमा मात्र लागेको छ। सरकारले कोरोना भन्दा दुई कदम अगाडी फड्को मार्नु पर्नेमा सरकार नै पछाडि फर्किएको अवस्था छ । आमसभा, जुलुस, हाटबजार, रंगशाला, सिनेमा हल, डान्स क्लब, पार्टी प्यालेस, दोहोरी, हेल्थ क्लब, जिम खाना, पौडी पोखरी र फुटसलमा हुने दर्शकसहितका खेल र मानिसको भीडभाड हुनेजस्ता सबै प्रकारका कार्यमा सरकारले कडाई गर्ने पर्छ।

नेपाल सरकारले बनाएको मापदण्ड अनुसार एकपटकमा २५ जनाभन्दा बढी भेला हुन नहुने, सामाजिक दूरी अवलम्बन गर्ने, मास्क र साबुनपानीको प्रयोगका कुराले सबैलाई अब धेरै सतर्क रहनुपर्छ। कोरोना नियन्त्रण गर्न १३ बुँदे सूचना जारी पनि गरेको छ। यसले केही राहत त होला तर सरकारले अस्पताल, भेन्टिलेटर र आईसीयूको व्यवस्था गर्न नसक्दा भने नागरिकमा मनोबल घटेको छ। अस्पतालमा जोखिम मोलेर खटिनुपर्ने चिकित्सक संक्रमित भइरहेका छन् भने स्टाफ नर्सको पनि निधन भएको छ । सबैले 'सेफ्टी फस्ट' भन्ने नारालाई आत्मसात गर्ने कि ? आफू बाँचे मात्र संसार देखिन्छ भन्ने मूलमन्त्रलाई सबैले अनुशरण गर्नुपर्ने देखिएको छ। सरकारले समयमै कोरोना संक्रमणलाई नियन्त्रण लिन नसके कोरोना संक्रमण नेपालमा भैवाह रुप लिन नसक्ने भन्न सकिन्छ।

# साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ। मनोरञ्जन र भ्रमणको योग छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : युवा वर्गका लीगि रमाइलो वातावरणको अवसर मिल्ने छ। इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : युवावर्गका लीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ । भने वादविवादमा समेत जित तपाईकै हुने छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन। बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला। काममा विघ्न वाधाहरु आउन सक्नेछन।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू) : बुद्धिको प्रभावले ठुला–ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ। मित्रहरको सहयोग राम्रो रहने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ। व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ। महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ।

कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द) :**सानो तिनो चोटपटकको सम्भावना रहेकाले सतर्कता अपनाउनु होला। भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ । भने वादविवादमा समेत जित तपाईकै हुने छ।

# समन्वयको अभावमा कोरोना संक्रमण बढ्ने आशंका

भरतबहादुर विष्ट

यदि सरकार र मातहतका निकाय जिम्मेवार छन्, जनताको जीवन रक्षा गर्न राज्यको कर्तव्य र जिम्मेवार ठान्छन् र तत्पर छन् भने कोरोना संक्रमण रोकथाम र नियन्त्रणमा तदारुकता देखाउनैपर्छ। हाम्रो देश नेपाल कम जनसंख्या भएको कारण यहाँ कोरोना नियन्त्रण गर्न सम्भव छ। यसका लागि सरकारले आवश्यक सजकता सतर्कता तत्काल र दीर्घकालीन गर्नुपर्ने स्वास्थ्यसम्बन्धी मापदण्ड पूर्वाधार तयारी अवस्थामा चौबीसै घन्टा तैनाथ हुनुपर्छ। सबैभन्दा पहिला सम्भावित जोखिमका क्षेत्र ठाउँ श्रोत पहिल्याउन ढिलो गर्नु हुँदैन।

छिमेकी मुलुक भारतमा दिन प्रतिदिन लाखौं मानिस संक्रमित भएको हजारौं मानिसले ज्यान गुमाइरहेको, लास जलाउने र गाड्ने मसानघाटको अभाव भएको भन्ने दर्दनाक भयानक समाचार सुन्नमा आउँदा स्वभावैले हामी नेपाली पनि उच्च जोखिममा छौं र भयभित छौं।

भारत लगायत विश्वका सयौं देशमा रोजगारीको सिलसिलामा लाखौं नेपाली त्यहाँ कार्यरत छन्। कोही हवाइ मार्ग कोही सडक मार्ग हुँदै स्वदेश फर्कनेहरूको लर्को दिनहुँ बढिरहेको छ। विशेषगरी भारतमा संक्रमण अत्यन्तै धेरै भएको हुँदा भारतबाट फर्कने र त्यहाँ बस्ने लाखौं नेपाली उच्च जोखिममा छन्। स्वदेश फर्कने सीमानामा लामो लाइन देखिन्छ।

जसरी तसरी असुरक्षित तरिकाले आएकालाई सिधै घर पठाउने अनि शिक्षण संस्था बन्द गरेर कोरोना नियन्त्रण गर्न खोज्नु मूर्खता सिवाय अरू केही होइन। आएकाले सामान्य स्वास्थ्य परीक्षण हुन नसकेको संघीय सरकारले प्रदेश सरकार र स्थानीय तहलाई पर्याप्त सहयोग नगरेको, समन्वय स्वास्थ्य सामग्रीको चरम अभाव, साधनस्रोत, स्वास्थ्यकर्मी, दक्ष जनशक्तिको अभाव रहेको, प्रहरीलाई परिचालन गरेर कोरोना नियन्त्रण त हुँदैन होला। आवत जावत रोकेर पनि सम्भव छैन।

संघ सरकार र तालुकदार स्वास्थ्य मन्त्रालय दिनहुँ निर्देशन दिने धम्कीपूर्ण भाषा प्रयोग गर्ने बाहेक समन्वयको ठूलो खडेरी देखिन्छ। सीमामा खटिएका स्वास्थ्यकर्मी सुरक्षाकर्मी पिपिइ, मास्क चेकजाँच गर्ने किटको अभाव भएको गुनासो गरेको सार्वजनिक संचार माध्यमबाट सुनिने गरिन्छ। त्यसरी जोखिमपूर्ण क्षेत्रबाट यात्रा गर्दा उनीहरुको जीवन पनि असुरक्षित त छँदैछ, उचित चेकजाँच भएन भने परिवारलाई र सिङ्गो समाजमा संक्रमित भएकाबाट संक्रमण फैलिने निश्चित छ।

संघ, प्रदेश र स्थानीय तह मिलेर त्यसरी स्वदेश फर्कने भारत लगायत तेस्रो मुलुकहरूबाट आउने नागरिकको सही तरिकाले चेकअप गर्ने लक्षण भएकालाई उपचार, आइसोलेसन, अस्पताल मा, नभएकालाई केही दिन क्वारेन्टिनमा राख्ने, त्यो पनि सम्भव नभए प्रत्यक्ष निगरानीमा होम क्वारेन्टिनमा राख्ने व्यवस्था गरौं। स्वदेश आउँदा कत्ति पनि लापरवाही नगरौं। आफू पनि बाचौं, अरूलाई र आफ्नो परिवार समाजलाई पनि बचाउने जिम्मा तपाई हाम्रो काँधमा छ। सरकारका कर्मचारी रूखो नबोलौं सान्त्वना दिने सही सल्लाह दिने भरपूर कोसिस गरौं। जनचेतनामूलक सन्देश प्रवाह गरौं।

राजनीतिक, कूटनीतिक कुरा नगरौं। तर, रोजगारीको सिलसिलामा होस् चाहे व्यापारको सिलसिला, पारिवारिक नाता कुटुम्ब रोटीबेटीको सम्बन्ध भन्नुहोस्, चाहे खुल्ला सीमाका कारण धार्मिक, साँस्कृतिक, रीतिरिवाज धार्मिक तीर्थयात्री, बिना रोकावट, सामान्य परिचयपत्र पनि नचाहिने भारत नेपालको सम्बन्ध सनातन अति विशिष्ट घनिष्ट सम्बन्ध युगौं युगदेखि रहँदै आएको छ। यो कोरोनाको संक्रमणकाल र राजनीति कूटनीति सम्बन्धको कारण विगत एक वर्षयता अलि असहज परिस्थितिमा छ। तथापि दुई देशको सम्बन्ध राजनीति र कूटनीति हिसाबले शासकीय शैलीबाट फेरबदल हुनसक्छ। तर, धार्मिक सांस्कृतिक साहित्य भाषा कला रहनसहनको हिसाबले जनस्तरमा प्रगाढ, प्रगतिशील र स्थिर सम्बन्ध छ। लाखौं नेपाली भारतमा रोजगारीका लागि जाने, भारतका नेपाल आउने यसको यकिन तथ्यांक न त भारतसँग छ, न नेपालसँग। अनुमानित मात्रै हो। यसरी नै असंगठित हिसाबले हजारौं वर्षदेखि निरन्तर चलिरहेको छ।

यो कालखण्डमा कोरोना महाव्याधिको कारण चीनको वुहान प्रान्तबाट २०२० सुरु भएको कोभिड १९ आजका मितिसम्म नियन्त्रणमा आउन सकेको छैन। विज्ञ वैज्ञानिक खोजकर्ता अनुसन्धान रातदिन लागिपरेका छन्। कतिपय देशले कोरोनाविरुद्ध भ्याक्सिन पनि निकालिसकेका छन्। नियन्त्रण हुने संकेत देखिँदैन। पछिल्लोपटक त झन् भयावह रूप लिँदै गएको देखिन्छ। यी मानव सभ्यताको निम्ति ठूलो चिन्ताको विषय हो। जीवनभन्दा ठूलो अर्को उपलब्धि हुन सक्दैन। स्वास्थ्य नै धन हो। सुखदुःख, शिक्षा, समृद्धि, शान्ति, गरिबी, अभाव, हावापानी, घाम छाया पर्यायवाची कुरा हुन्। मूलतः जीवन महत्त्वपूर्ण हो। राजनीति आदर्श सिद्धान्त दम्भ घमण्ड सत्ता दल पार्टी ज्यान रहेसम्म हो।

घरमा अभिभावक नै सुरक्षित भए मात्रै बालबालिका सुरक्षित कसरी रहन सक्छन् ? विद्यार्थीसँग कोरोना उत्पन्न हुने होइन तिनका अभिभावक कोरोना संक्रमित भए भने बालबालिका संवत् संक्रमित हुनेछन्। त्यसैले कोरोना संक्रमण कताबाट हुन्छ, कसरी हुन्छ ? सम्भावित क्षेत्र व्यक्तिको खोजिनीति गर्नु जोखिम क्षेत्रमा भरपर्दो निगरानी गर्नु राज्य तथा सरोकारवालाको प्रमुख दायित्व हो। त्यस्ता जोखिमयुक्त संभावित क्षेत्र पहिल्याइनु बढी बुद्धिमानी ठहरिन्छ।

आर्थिक सामाजिक जीवन पनि बचाउनु छ, जीउ ज्यान पनि। कोरोनालाई पराजित पनि गर्नु छ। निजी तथा सार्वजनिक जीवनलाई अघि अघि पनि लानु छ। बाहिरबाट आउने र विदेशी मुलुकहरू रहनुभएका दाजुभाइ दिदीबहिनीको जीवन रक्षा गर्नु सरकारको पहिलो दायित्व हो। आउनेलाई समयमै सीमाना र एअरपोर्टमै उच्च सर्तका अपनाउने चेकजाँच गर्न पाँच सेकेन्ड पनि ढिला गर्नु लापरवाही गर्नु भनेको सम्पूर्ण देशलाई खतरामा हाल्नु हो। राजनीति खिचातानी झैझगडा बन्द गरेर राष्ट्रिय संकल्पका साथ दत्तचित्त भएर महामारी र सबैखाले समस्याको निराकरण गर्नतिर अग्रसर र पहलकदमी लिऔं।

महामारी नियन्त्रणमा आम नागरिकको पनि उत्तिकै दायित्व हुन जान्छ। सरकारले महामारी नियन्त्रण गर्न तोकेको स्वास्थ्यसम्बन्धी मापदण्ड तथा रोकथाम नियन्त्रणका आवश्यक नियम अनिवार्य पालना गर्ने, आफू, परिवार र सिङ्गो समाजलाई बचाउने भूमिका स्वयम् नागरिकको पनि हो। स्वास्थ्य संस्था स्थानीय निकाय सरकार र नागरिकको समन्वयकारी भूमिका आपसी हित हातेमालो गर्दै गहन छलफल बहसको माध्यमद्वारा विज्ञहरूको सुझाव सल्लाह अन्तर्राष्ट्रिय पोर्टोकल डब्लूएचओ जस्ता अन्तर्राष्ट्रिय संघसंस्थाले तोकेको मापदण्ड वैज्ञानिक उपाय उपचार पद्धति सुझाव सल्लाह पालना गर्नैपर्छ।

अनुदानमा दिएको भ्याक्सिन त कतिपयले लगायौं। अब भ्याक्सिन आउने ल्याउने, नल्याउने ठेगान छैन। किसान, श्रमजीवी गरिब,विपन्न वर्ग उपचार गर्ने हैसियतमा छैनन्। पहुँच नहुने वर्ग दूरदराजमा बस्नेहरूले उपचार नपाइने हो कि भन्नेतर्फ चिन्ता जाहेर गरिरहेका छन्। सम्पन्न मुलुकहरूको हबिगत कोरोनाले चपेटामा पारिसकेको छ। अनुदानमा भ्याक्सिन लगाउने हाम्रो हैसियत स्पष्ट छ। सत्ताका लागि लुछाचुँडी चलेको स्वास्थ्य सामग्री र कात्रोमा अनियमितता भ्रष्टाचार भएको देख्दा भने दिक्क लाग्छ।

कोरोना यहाँ उत्पादन भएको जीवाणु पनि होइन हुने भने संक्रमण क्षेत्र पनि होइन। संक्रमित क्षेत्रबाट आउने मानिसबाट अर्को व्यक्ति सम्पर्कमा हुँदै गर्दा सर्ने सरुवा रोग हो। अहिलेसम्मको अनुभवले पनि सामाजिक दूरी कायम गर्ने, मास्क लगाउने,पटकपटक साबुन पानीले हात हुने,सेनिटाइजर गर्ने कोरोना जीवाणुको संक्रमणबाट बच्ने उत्तम उपाय हुन्। अब महत्त्वपूर्ण कुरा भारतसँग खुल्ला सीमामा छ। सजिलोसँग आवत जावत हुन्छ। भारत विश्वको दोस्रो आवादी अर्थात जनसंख्या भएको मुलुक हो। त्यहाँ पछिल्लो समय दिन प्रतिदिन लाखौं मानिस संक्रमित हजारौं मानिसको ज्यान गुमाइरहेका छन्।

कोभिड १९ संक्रमित क्षेत्रबाट आएको व्यक्ति तिनको व्यक्तिगत सम्पर्कबाट एक व्यक्तिबाट अर्को व्यक्तिमा सजिलै सर्नसक्छ जस्तैः हाछ्यु गर्दा, हात मिलाउँदा, अंङ्गमाल गर्दा, नजिकै खोक्दा, बस्दा त्यसैले भौतिक दूरी अनिवार्य छ। कोरोनाको संक्रमण विश्वव्यापी महामारीको रूपमा फैलिएको छ, जसले विश्वभरि कोरोनाको कारण आजसम्म ३० लाखभन्दा बढी मानिसले अकालमा ज्यान गुमाइ सकेका छन्। भ्याक्सिन पनि उत्पादन गरी उपचार पनि भैरहेको छ। तथापि कोरोना नियन्त्रण हुने यस्तै हुन्छ भन्न मुस्किल छ। यति समयसम्म नियन्त्रण हुन्छ भन्ने ठोस संकेत आँकलन गर्न अहिले नै हतारो हुनेछ। रातो पाटीबट

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

**दमकल**

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

**एम्बुलेन्स सेवा**

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

**अस्पताल**

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

**प्रहरी**

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

# मुलुकमा सुशासन कायम गर्न पत्रकारले कलम चलाउनु पर्छ : सभामुख भण्डारी

विराटनगर। प्रदेश नं १ का सभामुख प्रदीपकुमार भण्डारीले मुलुकमा सुशासन कायम राख्नका लागि पत्रकारहरुले कलम चलाउनु पर्ने बताउनु भएको छ।

प्रदेश एवं जिल्ला निर्वाचन समिति मोरंगद्वारा विराटनगर आयोजित नेपाल पत्रकार महासंघ १ नं प्रदेश समिति एवं जिल्ला समितिका नव निर्वाचित पदाधिकारीहरुलाई प्रमाणपत्र वितरण तथा पद हस्तान्तरण कार्यक्रममा उहाँले राज्यसत्तालाई जिम्मेवार रुपमा सञ्चालन गरी पारदर्शीता कायम गर्न सञ्चारकर्मीहरुको ठूलो भूमिका खेल्ने पर्नेमा बताएको थियो।

सभामुख भण्डारीले मुलुकमा लोकतन्त्रलाई संस्थागत गर्न यसको सञ्चार जगतको ठूलो जिम्मेवारी रहने चर्चा गर्दै जनताको हक अधिकारको रक्षाका कमललाई तिखो बनाउनु पर्ने बताएका थिए।

त्यसैगरी नेपाली काँग्रेस प्रतिपक्षी दलका नेता राजीव कोइरालाले अविश्वासको प्रस्ताव प्रदेशमा आवश्यक रहेकोमा जोड दिदै सरकारले ठूलो विकास निर्माणका योजनाको बजेट कटौती गरेको आरोप लगाउनु भयो। नेपाली काँग्रेसका प्रमुख सचेतक केदार कार्कीले कलमको माध्यमबाट समाजमा रहेका कुरिति हटाई जनतामा चेतना गराउनका साथै राष्ट्र निर्माण कार्यमा सहयोग पुऱ्याउनु पर्नेमा जोड दिनु भयो।

विराटनगर महानगरपालिकाका प्रमुख भीम पराजुलीले पत्रकार भएर बाँच्न कति समस्या हुन्छ भन्ने अनुभव गरेको छु भन्दै पत्रकार उपचारका लागि स्थापना गरिने अक्षय कोषमा महानगरले सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नु भएको थियो। प्रदेश सञ्चार प्रतिष्ठानका निर्देशक यज्ञ शर्माले निर्वाचनको माध्यमवाट मुलुकमा सङ्घीयता कार्यान्वयनमा सहयोग पुगेको धारणा राखेका थिए।

प्रदेश महासङ्घका निवर्तमान अध्यक्ष विक्रम लुईटेल, प्रदेश अध्यक्ष लिलावल्लभ घिमिरे, महासचिव विवेक गौतम, मोरंगका निवर्तमान अध्यक्ष वन्धु पोखरेल, जिल्ला अध्यक्ष सन्जिव खनाल, पत्रकारहरु शङ्कर खरेल, मोहनकाजी न्यौपाने र उद्योगी नविन रिजालले आवाज विहिनको आवाज र समाज रुपान्तरण कार्यमा सञ्चारकर्मीहरु लाग्नु पर्नेमा जोड दिएका थिए।

# प्रदेश नं. १ को राजधानी कोरोनाको हटस्पट

विराटनगर। प्रदेश १ को राजधानी विराटनगर महानगर पालिका पछिल्लो समय कोरोना भाइरस संक्रमणको 'हटस्पट' बन्दै गइरहेको छ। विराटनगर पछिल्लो समय कोरोनाका कारण निक्कै आक्रान्त बनिरहे पनि नियन्त्रणका लागि उचित उपायको अवलम्बन हुन सकिरहेको छैन। पछिल्लो केही दिनयता विराटनगरमा कोरोना तीव्र रुपमा फैलिइरहेको हो। प्रदेशभरी दैनिक भेटिने संक्रमितमध्ये लगभग आधा विराटनगरका हुने गरेका छन्।

कोरोना महामारीको चपेटामा परेको भारतसँगको खुला सीमाका कारण विभिन्न स्थानबाट अवैध आवतजावत नरोकिँदा विराटनगरमा संक्रमण तीव्र रुपमा फैलिइरहेको हो। हिजो प्रदेश १ मा एक सय ३६ जना नयाँ बिरामी थपिए। नयाँ संक्रमितमध्ये झन्डै आधा अर्थात ५९ जना विराटनगरका छन्। मोरङमा ६८, झापामा २१, सुनसरीमा २०, सङ्खुवासभामा नौ, धनकुटा र इलाममा तीन/तीन, तेह्रथुम, ताप्लेजुङ र ओखलढुङ्गामा एक/एक तथा प्रदेश १ बाहिरका नौ जनामा कोरोना पुष्टि भएको हो। स्थानीय प्रशासनले कोरोनाबाट जोगिन उच्च सावधानी अपनाउन सबैमा आग्रह गरेको छ।

प्रदेश १ मा हालसम्म ३१ हजार तीन सय २२ जनामा कोरोना पुष्टि भइसकेको छ। सङ्क्रमण देखिएकामध्ये २९ हजार नौ सय ४४ जना कोरोनामुक्त बनिसकेका छन्। प्रदेशमा अहिले सक्रिय संक्रमितको सङ्ख्या आठ सय ९९ रहेको छ।

# हाँगा भाचिएर बालकको मृत्य

झापा। झापा कमल ५ सितापुरी का ८ बर्षीय योजल राईको रुखको हाँगा भाचिएर लागी मृत्यु भएको छ।

विहीवार उनी बुबासँग सोही स्थानमा रहेको माई वृक्षारोपनको नर्सरीमा दाउरा टिप्न गएको अवस्थामा हावाहुरीले मसलाको रुखको हाँगा भाँची लाग्दा गम्भिर घाईते भएको थियो।

उनको दमक अस्पताल दमकमा पुर्याउन साथ मृत्यु भएको ईलाका प्रहरी कार्यालय दमकले जनाएको छ।

# हत्याको आरोपमा छोरा पक्राउ

सुनसरी। सुनसरी बराहक्षेत्र ९ का १७ बर्षीय उमेश पौडेल आफ्नै बुवाको हत्या अभियोगमा पक्राउ परेको छ।

बैशाख ७ गते उनले घरयासी बाद बिबाद हुँदा घरमा रहेको तपेश भाडाले आफ्नै बुबा ३८ बर्षीय उपेन्द्र पौडेललाई कोखामा हानी घाईते बनाएका थिए।

घाईते उपेन्द्रको नोवेल अस्पतालमा उपचारको क्रममा विहीवार मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ।

उनको मृत्यु पश्चात उमेशलाई नियन्त्रणमा लिई अनुसन्धान भईरहेको सो कार्यालयले जनाएको छ।

# चट्यांमा परी एक महिलाको मृत्यु

मोरङ। मोरङ कानेपोखरी २ दलेली की ४३ बर्षीय सुकवती राजवंशीको चट्याङमा परी मृत्यु भएको छ।

विहीवार उनी पानी परेकोले घर नजिकै रहेका गाईगोरू सार्न जाने क्रममा चट्याङमा परी गम्भिर घाईते भएकी थिईन।

घाईते राजबंशीको उपचारको लागि उर्लाबारी स्थित मदनभण्डारी अस्पताल तथा ट्रमासेन्टर लगेकोमा अस्पताल पुर्याउन साथ मृत्यु भएको ईलाका प्रहरी कार्यालय उर्लाबारीले जनाएको छ।


## गाउँवासीहरुको लागि जनहितमा जारी सूचना

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं। बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्छ निभाउने गरौं।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं। सामाजिक दुरी कायम गरौं।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं।
- बैशाख १ गते देखि १६ गते सम्म सञ्चालन हुने घटना दर्ता अभियानमा सहभागी बनौं।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यक्तिगत घटना दर्ता गराऔं।

| देवी प्रसाद आर्याय | सरला राई | शशि राई |
| --- | --- | --- |
| अध्यक्ष | उपाध्यक्ष | प्र.प्रशासकिय अधिकृत |

मिक्लाजुङ गाउँपालिका, गाउँ पालिकाको कार्यालय प्रदेश नं. १ मोरंग, नेपाल



## नगरवासीहरुको लागि जनहितमा जारी सूचना

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं। बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्छ निभाउने गरौं।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं। सामाजिक दुरी कायम गरौं।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं।
- बैशाख १ गते देखि १६ गते सम्म सञ्चालन हुने घटना दर्ता अभियानमा सहभागी बनौं।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यक्तिगत घटना दर्ता गराऔं।

| ज्ञनेन्द्र सुवेदी | ढाका कुमारी पराजुली | प्रदीप शाह |
| --- | --- | --- |
| नगर प्रमुख | नगर उप-प्रमुख | प्र.प्रशासकिय अधिकृत |

बेलबारी नगरपालिका, नगरपालिकाको कार्यालय प्रदेश नं. १ मोरंग, नेपाल



## नगरवासीहरुको लागि जनहितमा जारी सूचना

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं। बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्छ निभाउने गरौं।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं। सामाजिक दुरी कायम गरौं।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं।
- बैशाख १ गते देखि १६ गते सम्म सञ्चालन हुने घटना दर्ता अभियानमा सहभागी बनौं।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यक्तिगत घटना दर्ता गराऔं।

| शिव प्रसाद ढकाल | घनमाया तामाङ | डा. कृष्ण ब. घिमिरे |
| --- | --- | --- |
| नगर प्रमुख | नगर उप-प्रमुख | प्र.प्रशासकिय अधिकृत |

सुन्दरहरैचा नगरपालिका, नगरपालिकाको कार्यालय प्रदेश नं. १ मोरंग, नेपाल



## गाउँवासीहरुको लागि जनहितमा जारी सूचना

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं। बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्छ निभाउने गरौं।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं। सामाजिक दुरी कायम गरौं।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं।
- बैशाख १ गते देखि १६ गते सम्म सञ्चालन हुने घटना दर्ता अभियानमा सहभागी बनौं।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यक्तिगत घटना दर्ता गराऔं।

| तारा बहादुर काफ्ले | राजमती इङनाम | गायत्र श्रेष्ठ |
| --- | --- | --- |
| अध्यक्ष | उपाध्यक्ष | प्र.प्रशासकिय अधिकृत |

कानेपोखरी गाउँपालिका, गाउँ पालिकाको कार्यालय प्रदेश नं. १ मोरंग, नेपाल

# सुनको प्रलोभन देखाई यूवतीलाई वेपत्ता पार्ने यूवाक प्रहरीको फन्दामा, यूवतीको सकुशल उद्धार



विराटनगर। सुन लगायतका बहुमूल्य धातुको लोभ देखाउँदै भारत लैजान खोजिएकी विराटनगरकी एक युवतीलाई तीन महिनापछि उद्धार गर्न मोरङ प्रहरी सफल भएको छ।

मोरङ प्रहरीका डीएसपी मञ्जिल मुकारुङ नेतृत्वको टोलीले कञ्चनपुरबाट सकुशल उद्धार गरेर युवतीलाई हिजोसाँझ विराटनगर ल्याएको हो। प्रहरीका अनुसार घरपरिवारमा समेत सुन, चाँदीलगायतका बहुमूल्य धातुको लोभ देखाउँदै धनी बन्ने सपना बाँडेर तीन महिनासम्म आफ्नो कब्जामा राख्दै विराटनगर महानगरपालिका-४ की २४ वर्षीया युवतीलाई भारत कटाउन खोजिएको पुष्टि भएको थियो।

युवतीलाई विराटनगर महानगरपालिका वडा नं. १९ का २५ वर्षीय दिनेश मण्डलले भारत लैजान खोजेका हुन्। मोरङ प्रहरी प्रमुख एसपी सन्तोष खड्काका अनुसार अभिभावकलाई नै प्रलोभनमा पार्दै मण्डलले युवतीलाई गत माघ १० गते विराटनगरबाट लिएर हिँडेका थिए। घटना अनुसार टुनामुना गरेर घरबाट सुन निकालिदिन्छु भन्दै युवती र उनका अभिभावकसँग भेट गर्न मण्डल माघ ८ गते घरमै पुगेका थिए।

उनले विराटनगरकै एउटा युवतीको घर परिषरमा जमिनमुनी गाडेको पुष्टि भएको खड्काको भनाइ छ।

त्यसपछि उनले टुनामुना गर्नेभन्दै विभिन्न गतिविधी गरी त्यही सुन निकालेर देखाएकाले परिवारका सदस्य र आफन्त पनि विश्वासमा परेको पाइएको खड्काको भनाइ छ। अझै धेरै सुन, चाँदी लगायतका बहुमूल्य धातु निकालेर धनी बन्न सकिने भन्दै साथमा युवतीलाई लिएर हिँडेका मण्डल सम्पर्कविहीन बनेपछि अभिभावकले प्रहरीमा उजुरी दिएका थिए।

लामो समयको अध्ययन एवं अनुसन्धानपछि युवतीलाई सकुशल उद्धार गर्न प्रहरी सफल भएको हो। विराटनगर ल्याइएकी युवती भने मानसिक रुपमा विक्षिप्त अवस्थामा छिन्। उनी कसैलाई केही पनि कुरा भन्न सक्ने अवस्थामा नरहेकाले थप 'काउन्सिलिङ' गर्दै घटनाका बारेमा बुझ्ने र वास्तविकता पत्ता लगाउने प्रयास भइरहेको जानकारी खड्काले दिनु भयो। प्रहरीले मण्डललाई पनि पक्राउ गरेर हिरासतमा लिँदै घटनाका बारेमा अनुसन्धान थालेको छ। तीन महिनासम्म आफ्नो कब्जामा राखेर युवतीलाई उनले कञ्चनपुर हुँदै भारतको वनवासातिर पुर्याउन खोजेको पुष्टि भएको एसपी खड्काको भनाइ छ।

# अबैध सुनको कारोवार गर्ने एक जना पक्राउ

सुनसरी। सुनसरी इटहरी १६ घर भई हाल ईटहरी ६, कालिका गोल्ड एण्ड सिलभर हाउसका संचालक २८ बर्षीय शेख राज घिमिरेलाई अवैध सुनको टिल सहित पक्राउ गरिएको छ।

मंगलबार उनलाई ईलाका प्रहरी कार्यालय इटहरीबाट खटिएको प्रहरी टोलीले ईटहरी ६ स्थित विराटनगर लाईनबाट हिडिरहेको अवस्थामा सुनको टिल १९५.४७० ग्राम, नगद १ लाख ५८ हजार सहित पक्राउ गरेको हो।

घिमिरे अवैध तवरले सुन खरिद गरी बिक्री बितरण गर्न हिडेको भन्ने विशेष सूचनाको आधारमा पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ। उनलाई बरामद गरेको सुन सहित आवश्यक कारवाहीको लागि आन्तरिक राजाश्व कार्यालय ईटहरीमा बुझाएको सो कार्यालयले जनाएको छ।

# जाली नोट सहित तीन पक्राउ

सुनसरी। सुनसरीको ईनरुवा नगरपालिका वडा नं. ४ स्टार होटल अगाडीबाट मंगलबार जाली नोट सहित ३ जनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा धरान उपमहानगर पालिका वडा नं. १९ का ६६ बर्षीय टेक बहादुर तामाङ, हरिनगर गाउँपालिका वडा नं. २ का २४ बर्षीय नजिम साफि र धरान उपमहानगर पालिका वडा नं. १७ का महेन्द्र तामाङ रहेका छन्।

जाली नोटको कारोबार गरिरहेको भन्ने बिशेष सुचनाको आधारमा प्रहरीले चेकजाँच गर्दा उनिहरुको साथबाट नेपाली जाली नोट १ हजार दरका ४ सय १५ थान बरामद गरेको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ।

जाली नोट सहित पक्राउ परेका तीनै जनालाई मुलुकी अपराध संहिता २०७४ को परिच्छेद २२ मुद्रा सम्वन्धि कसुर अन्तरगत मुद्धा दर्ता गराई थप अनुसन्धान समेत भईरहेको सो कार्यालय जनाएको छ।

## गाउँवासीहरुको लागि जनहितमा जारी सूचना

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं। बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्छ निभाउने गरौं।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं। सामाजिक दुरी कायम गरौं।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं।
- बैशाख १ गते देखि १६ गते सम्म सञ्चालन हुने घटना दर्ता अभियानमा सहभागी बनौं।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यक्तिगत घटना दर्ता गराऔं।

| रोहित बहादुर कार्की<br>अध्यक्ष | शान्ता कुमारी लिम्बु भेजेल<br>उपाध्यक्ष | होम प्रसाद पौडेल<br>प्र.प्रशासकिय अधिकृत |
|---|---|---|

केराबारी गाउँपालिका, गाउँपालिकाको कार्यालय प्रदेश नं. १ मोरंग, नेपाल

## नगरवासीहरुको लागि जनहितमा जारी सूचना

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं। बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्छ निभाउने गरौं।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं। सामाजिक दुरी कायम गरौं।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं।
- बैशाख १ गते देखि १६ गते सम्म सञ्चालन हुने घटना दर्ता अभियानमा सहभागी बनौं।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यक्तिगत घटना दर्ता गराऔं।

| रबिन राई<br>नगर प्रमुख | दयन्त देवी चुडाल<br>नगर उप-प्रमुख | दिनानाथ लम्साल<br>प्र.प्रशासकिय अधिकृत |
|---|---|---|

रतुवामाई नगरपालिका, नगरपालिकाको कार्यालय प्रदेश नं. १ मोरंग, नेपाल

## नगरवासीहरुको लागि जनहितमा जारी सूचना

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं। बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्छ निभाउने गरौं।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं। सामाजिक दुरी कायम गरौं।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं।
- बैशाख १ गते देखि १६ गते सम्म सञ्चालन हुने घटना दर्ता अभियानमा सहभागी बनौं।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यक्तिगत घटना दर्ता गराऔं।

| दिलिप कुमार राई<br>नगर प्रमुख | यमुना विष्ट बास्तोला<br>नगर उप-प्रमुख | अम्बिका प्र. धमला<br>प्र.प्रशासकिय अधिकृत |
|---|---|---|

पथरी शनिश्चरे नगरपालिका, नगरपालिकाको कार्यालय प्रदेश नं. १ मोरंग, नेपाल

## नगरवासीहरुको लागि जनहितमा जारी सूचना

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं। बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्छ निभाउने गरौं।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं। सामाजिक दुरी कायम गरौं।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं।
- बैशाख १ गते देखि १६ गते सम्म सञ्चालन हुने घटना दर्ता अभियानमा सहभागी बनौं।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यक्तिगत घटना दर्ता गराऔं।

| खड्ग बहादुर फागो<br>नगर प्रमुख | लक्ष्मी देवी भण्डारी<br>नगर उप-प्रमुख | प्रविण कोइराला<br>प्र.प्रशासकिय अधिकृत |
|---|---|---|

उर्लाबारी नगरपालिका, नगरपालिकाको कार्यालय प्रदेश नं. १ मोरंग, नेपाल

क्राईम अपरेशन
Crime Operation साप्ताहिक

# चौहवान चैत महिनाको उत्कृष्ट प्रहरी घोषित

विराटनगर। जिल्ला प्रहरी कार्यालय सोलुखुम्बु दरवन्दीका प्रहरी निरीक्षक मन्दिप चौहान चैत महिनाको सर्वोत्कृष्ट प्रहरी (द्यभ्क्त एडीक्ष्क्ष्भ इँ त्ज्भ :इल्त्ज) घोषित भएका छन्।

विभागिय मुल्य-मान्यता, आदेश-निर्देशनको पालना गरी व्यवसायिक, लगनशील र कर्तव्यनिष्ठ तवरले कर्तव्यपथमा तल्लीन रही उच्च मनोवल र साहसका साथ आफ्नो कर्तब्य निर्वाह गरी अपराध अनुसन्धानको क्षेत्रमा विशेष योगदान पुऱ्याउनुको साथै विश्वबाटनै लोपोन्मुख वन्यजन्तु 'रेड पाण्डा' को चोरी शिकारी तथा अबैध कारोवार गर्नेहरुलाई पक्राउ तथा कानूनी कारवाहीको दायरामा ल्याउन महत्वपूर्ण भुमिका निर्वाह गर्नुका साथै आम नागरिकमा सुरक्षाको अनुभूति हुने गरी प्रहरीको छवि उच्च बनाउने तर्फ प्रशंसनीय कार्य गरेकोले जिल्ला प्रहरी कार्यालय सोलुखुम्बु दरवन्दीका प्रहरी निरीक्षक मन्दिप चौहानलाई निजले सम्पादन गरेको उत्कृष्ट कार्यको उच्च मुल्याङकन गर्दै २०७७ साल चैत 'महिनाको सर्वोत्कृष्ट प्रहरी' घोषणा गरिएको छ।



प्रहरी निरीक्षक :- मन्दिप चौहान
कार्यरत स्थान :- जिल्ला प्रहरी कार्यालय सोलुखुम्बु

प्रहरी कर्मचारीहरुको मनोवल उच्च बनाउने तथा सम्पादित कार्यको उचित मूल्याङकन गर्दै १ नम्बर प्रदेश प्रहरी कार्यालय विराटनगरले १ नम्बर प्रदेश भरीका प्रहरी कर्मचारीहरु मध्येबाट प्रत्येक महिना सर्वोत्कृष्ट प्रहरी छनौट गर्दै आइरहेको छ। सर्वोत्कृष्ट हुने प्रहरी कर्मचारीलाई पुरस्कृत गरी उत्कृष्ट कार्यको बिवरण सहितको फ्लेक्स प्रिण्ट गरेर १ नम्बर प्रदेश प्रहरी कार्यालय बिराटनगरमा निर्माण गरिएको स्तम्भ तथा १ नम्बर प्रदेश अन्तर्गत रहेका इलाका प्रहरी कार्यालय 'क' स्तरसम्मका प्रहरी कार्यालयहरुमा १ महिना सम्म राखिदै आईएको छ।

# पेस्तोल सहित एक पक्राउ

सुनसरी । सुनसरी कोशी गाऊपालिका ४ स्थित जुद्धगंजबाट हतियार सहित १ जना पक्राउ परेका छन्। पक्राउ पर्नेमा सप्तरी कन्चनरुप नगरपालिका - १ का २४ बर्षीय जमाल भन्ने तालिम मन्सुरी रहेका छन्।

उनलाई गत राती साढे ९ बजे अस्थाई प्रहरी पोष्ट शिबचौकबाट खटिएको प्रहरी टोलीले १ थान कटुवा पेस्तोल र २ राउण्ड गोली सहित पक्राउ गरेको हो। मन्सुरी रोजा पर्व मनाउन ससुराली घर जुद्धगंजमा आएको अवस्थामा उनलाई बिशेष सुराकका आधारमा पक्राउ गरी उनि माथी खानतलासी गर्ने क्रममा हतियार र गोली फेला पारी बरामद गरिएको साथै उनि उपर थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ।

# भन्सार छलिका लत्ताकपडा बरामद

सुनसरी। सुनसरीको ईटहरी उपमहानगर पालिका वडा नं. ९ स्थित राजमार्गबाट अबैध रुपमा भन्सार छली गरी ल्याएको करिव १३ लाख ४२ हजार ७ सय ५० रुपैया बराबरको लत्ताकपडाहरु परामद गरिएको छ।

बिशेष सुराकका आधारमा ईलाका प्रहरी कार्यालय ईटहरीबाट खटिएको प्रहरी टोलीले राजमार्गबाट को १ख १७९० नम्बरको ट्रक नियन्त्रणमा लिई चेकजाँच गर्दा भन्सार छली गरी ल्याएको कुर्ताको कपडा ४४ रोल, साडी ३५७ पिस ,गम्छा ३२५ पिस र बेहुलीको साडी ९७ पिस फेला पारी बरामद गरेको हो।

यसरी बरामद गरिएको लत्ताकपडा, ट्रक र चालक समेतलाई आवश्यक कारबाहीका लागी राजश्व अनुसन्धार क्षेत्रिय कार्यालय ईटहरीमा बुझाईएको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ।

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७८ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।
प्रभाग कुमार खवास (के.अध्यक्ष)
राष्ट्रिय आदीवासी जनजाती
यूवा महासंघ नेपाल

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७८ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।
राजेश कुमार राजवंशी (अध्यक्ष)
बाबा शिव मन्दिर सेवा समिति
जहदा गा.पा. वडा नं. २

कर तिरौं, राजश्व बढाऔं
कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो। त्यसैले कर तिरौं देशको राजश्व बढाऔं।
स्थायी लेखा नम्बर लिनुहोस् ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस्।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर।
अन्तरिक राजश्व कार्यालय विराटनगर

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७८ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।
राजेश श्रेष्ठ (अध्यक्ष)
जहदा गाउँपालिका वडा नं. २

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७८ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।
तिलकनाथ मण्डल राजवंशी
बुढीगंगा गाउँपालिका वडा नं. ३

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७८ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।
भुनेश्वर मण्डल राजवंशी
(के.अध्यक्ष)राजवंशी समाज
उत्थान समिति

नगरवासीहरुको लागि जनहितमा जारी सूचना
- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौं।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं। बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्त निभाउने गरौं।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं। सामाजिक दुरी कायम गरौं।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं।
- बैशाख १ गते देखि १६ गते सम्म सञ्चालन हुने घटना दर्ता अभियानमा सहभागी बनौं।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यक्तिगत घटना दर्ता गराऔं।
शंकर राई — नगर प्रमुख
कृष्ण कुमारी निरौला — नगर उप-प्रमुख
अच्यूत प्र.दाहाल — प्र.प्रशासकिय अधिकृत
लेटाङ नगरपालिका, नगरपालिकाको कार्यालय
प्रदेश नं. १ मोरंग, नेपाल

नगरवासीहरुको लागि जनहितमा जारी सूचना
- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौं।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं। बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्त निभाउने गरौं।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं। सामाजिक दुरी कायम गरौं।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं।
- बैशाख १ गते देखि १६ गते सम्म सञ्चालन हुने घटना दर्ता अभियानमा सहभागी बनौं।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यक्तिगत घटना दर्ता गराऔं।
भीम पराजुली — नगर प्रमुख
इन्दिरा कार्की — नगर उप-प्रमुख
उमेश बस्नेत — प्र.प्रशासकिय अधिकृत
बिराटनगर महानगरपालिका, नगरपालिकाको
कार्यालय प्रदेश नं. १ मोरंग, नेपाल